# हिमाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## धुलाचौर



## आ.व. २०७९/८०

# वार्षिक नीति तथा कार्यक्रम

### २०७९ साल असार ९ गते बिहिबार

# हिमाली गाउँपालिका
## आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम
## **“स्वास्थ्य, शिक्षा, कृषि, जडिवुटी, पर्यटन, जलस्रोत र पूर्वाधार दिर्घकालिन दृष्टिकोण, सुशासन र गरिवी निवारण समृद्ध हिमालीको आधार”**

हिमाली गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका सदस्यहरु, कर्मचारी साथीहरु, पत्राकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम हिमाली गाउँपालिकाको गाउँ सभाको दसौं गाउँ सभामा हार्दिक स्वागत गर्दछु ।

हिमाली गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

संघीय संरचना अन्तरगत दोस्रो स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउने निर्वाचन आयोग हिमाली गाउँपालिकाका प्रमुख प्रसाशकीय अधिकृत लगायत सम्पूर्ण राष्ट सेवक कर्मचारीहरु, सुरक्षा निकाय तथा यस प्रकृयामा संलग्न राजनितिक दलहरु, संघ संस्था र आम नागरिक एवंम सम्पूर्ण मतदाताहरु प्रति आभारी हुँदै धन्यवाद् दिन चाहान्छु ।

मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

गत आ.व. मा प्राकृतिक विपद् तथा कोभिड-१९ को सङ्क्रमण प्रारम्भ भए लगत्तै नेपाल सरकारले अवलम्वन गरेको रणनीति र निर्णय वमोजिम संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग समन्वय गरेर यस रोगको सङ्क्रमण फैलिन नदिन गाउँपालिकाले अहोरात्र काम गरि सङ्क्रमण

थप फैलिन नदिन र यस महामारी माथी विजय हासिल गर्न तत्काल लाई सफलता प्राप्त भएको र आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक ढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।

विपद् व्यवस्थापन र महामारी जन्य जोखिमपूर्ण परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, कार्यालय प्रमुख लगाएत प्रशासनीक कर्मचारीहरु, महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक संघ संस्था, निजी तथा ब्यावसायिक क्षेत्र, सञ्चारजगत तथा यस कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

हिमाली गाउँपालिकाको विकासका निम्ती, नीति योजना तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुऱ्याउनु हुने उपाध्यक्षज्यु, सभाका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु लगाएत सवै राष्टसेवक कर्मचारी र सम्पुर्ण गाउँपालिका वासी आमा वुवा दाजुभाइ तथा दिदीवहिनीहरुलाई स–धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिकका साथै उत्पादन र उत्पादकत्व एवं पर्यटकीय महत्वका दृष्टिले समेत अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु अझै पनि केही चुनौतीहरु वाकी नै छन । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म टेवा पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै भुक्षय नियन्त्रण, विपद र वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा अझै लगानी वृद्धि गरी सडक यातायात लगायत भवन संरचनाहरुको निर्माण, विकाश र विस्तार गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो

बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने  न्यून तथा मध्यम स्तरको मानव विकासको अवस्थालाई सुधार गरी मध्यम तथा उच्च सक्षम व्यक्ति र गतिशिल समाज निर्माण गर्ने साथै सुखी हिमाली वासी तथा समृद्ध हिमाली गाउँपालिका बनाउने र मानव विकासको बाधकको रुपमा रहेको कुपोषण, गरिवी हुन सक्ने विपद् जोखिम लगायत अन्य महामारी जस्ता चुनौतीहरु हाम्रो सामु रहेका छन् । यो अवसर र चुनौतीका बिचमा गाउँपालीकाले धेरै आफ्नै प्रयासवाट र केही काम संघिय सरकार र प्रदेश सरकार समेतको सहयोग सदभावबाट चालु आ.व. २०७८।०७९ मा हामी जनप्रतिनिधि, कर्मचारी, स्थानीय नागरीक, राजनितिक दल लगाएतको सहयोग समन्वयबाट महत्वपूर्ण विकास निर्माणका कार्यका साथै संघियता पछिको स्थानीय तह सदस्य निर्वाचन सफतापूर्ण सम्पन्न गराउने लगायत अन्य महत्वपुर्ण तथा ऐतिहाँसिक उपलब्धीहरु हाँसील भएका छन् ।

उल्लेखित महत्वपूर्ण तथा ऐतिहासिक सफलताका कार्यहरुमा गाउँवासीले दिएको साथ, सहयोग, अघात माया र ममताबाट प्रेरित भई मैले हिमाली गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, सबै नागरिकहरुमा गुणस्तरीय स्वास्थ्य, शिक्षाको पहुँच पुगाउन तथा सबै वस्तीहरुलाई सडक संजालमा जोडिने र कुपोषण तथा गरिबी निवारण, **हिमाली गाउँ उज्यालो बनाऔं** भन्ने अभियान सञ्चालन गर्दै रोजगारी सिर्जना गरी सुखी हिमाली वासी र समृद्ध हिमाली गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

**उपाध्यक्ष ज्यु, एव सदस्य ज्यु हरु**

**अब म आगामी आ.व.०७९।०८० को बिभिन्न क्षेत्रगत प्रमुख नीतिहरु प्रस्तुत गर्न अनुमती चाहान्छु ।**

**(क) आर्थिक विकास समिति तर्फ :–**

**१. कृषि बिकास तथा कृषि प्रसार :–**

- **"आजको लगानी बोट, भोलिको प्रतिफल नोट"** भन्ने नाराका साथ यस हिमाली गाउँपालिकाले संचालन गर्दै आएको **खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रम**लाई थप व्यवस्थीत र सुद्धढीकरण गरि निरन्तरता दिइने छ ।
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र खाद्य तथा पोषण सुरक्षा प्रत्याभूत गराउन कृषि विकास कार्यक्रम प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।
- कृषकहरुले उत्पादन गरेका फलफूलहरु र अन्य नगदेबालीहरुको भण्डारण गर्ने र उचित मूल्य प्राप्त हुने समयमा बजारमा निर्यात गर्ने गरि कृषिशित गृह (कोल्ड स्टोर) लगायतका संरचना निर्माण गरिने छ ।
- मह, आलु, प्याज लगायत अन्य नगदेबाली र तरकारी, स्याउ, ओखर, नास्पती र अमिलो जातका फलफूलहरुमा आत्मनिर्भरका कार्यक्रमहरु सञ्चालन गरिने छ । प्रतिफल र उत्पादनमा आधारित प्रोत्साहन अनुदान दिइने छ ।
- **"आफूलाई चाहिने विउ आफै उत्पादन गरौं"** भन्ने नाराका साथ विउमा आत्मनिर्भर हुन रैथाने वालीहरु फापर, चिनो, कागुनो, मार्से लगायत अन्य बाली धान, गहु, मकै, कोदो जस्ता प्रमुख खाद्यान्न वाली एवंम दलहन र तरकारी आदिको विउ विजन उत्पादन, प्रशोधन र बजारीकरणमा प्रोत्साहन गरिने छ ।
- हिमाली गा.पा.बाट निर्यात हुने खाद्यान्न, रैथाने, दलहन वाली र फलफूल ढुवानीमा अनुदानको व्यवस्था गरिने छ ।

- ❖ कृषकले उत्पादन गरेका फलफूल, रैथाने वालीहरु साथै सम्पूर्ण कृषिजन्य उपादन वस्तुहरुलाई बजारसम्म पुर्याई कृषकको आय आर्जनमा बृद्धी गराउन र आत्मनिर्भर बनाउन सहजताको लागि गाउँबाट बजार जोड्ने कृषि सडकलाई विषेश प्राथमिकतामा राखिने छ ।
- ❖ प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना अन्तरगत हाल सञ्चालनमा रहेका पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै ब्लक र जोनका लागि क्षेत्र विस्तार गरिने छ ।
- ❖ हिमाली गाउँपालिका बाँधु, बोल्धीक, धिम, पाँडी, फैती, लेब्डी, रुगिन, कुवाडि, कोट र विच्छयाँ लगायतका क्षेत्रमा माटो सुहाँउदो प्याज पकेट क्षेत्र, आलु पकेट क्षेत्र, सिमि पकेट क्षेत्र, मकै पकेट क्षेत्र र जडिबुटी पकेट क्षेत्रको रुपमा विकास गर्नका लागि आवश्यक क्रियाकलाप संचालन भएको र उक्त क्षेत्रहरुको स्तर उन्नती तथा फलदायि बनाई कृषि उत्पादकत्व वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- ❖ **" एक व्यक्ति पाँच रुख अनिवार्य लगाऔं, फलफुल बेची गरिबी भगाऔं"** भन्ने नारालाई साकार पार्न सफा स्वच्छ र हरियाली वातावरण प्रर्वद्धन गरी स्वाबलम्बि नागरिक निर्माणका लागि गाउँपालिका अध्यक्ष वन संरक्षण अभियान अन्तरगत खाद्य सुरक्षाको लागि वृक्षारोपण कार्यक्रमलाई निरन्त्रता दिदै सो नीति अनुरुप रोपिएका रुखहरुको संरक्षण तथा सम्बद्धन गर्ने नागरिकहरुलाई खाद्यान्नको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- ❖ कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राबिधिक सेवा टेवा सर्बसुलभ रुपमा प्रदान गर्न गाउँपालिकाका सवै वडा तथा वस्ती र सेवा केन्द्र स्तरमा बिभिन्न ब्यबसायिक बिषयमा तालिम संचालन गरि कृषकहरुलाई सक्षम गराइनुको साथै **एक वडा एक कृषि प्राविधिक साथै गाउँपालिका स्तरमा कृषि विज्ञको व्यवस्था गर्ने गरि** आवश्यक कार्य अघि बढाईने छ ।
- ❖ कृषक समूह, सहकारी, सरकारी तथा गैर सरकारी संस्था र स्थानीय तहहरुको साझेदारीमा कृषि कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

- युवाहरुलाई कृषिमा आकर्षण गराउन यूवा लक्षीत कृषि कार्यक्रमहरु संचालन गरिने छ ।
- संघिय सरकारको सहकार्यममा पकेट क्षेत्रको रुपमा कम्तिमा **एक वडा एक आयोजना** संचालनमा जोड दिईने छ ।
- साना सिंचाई कार्यक्रम संचालन गरि सिंचित भुमीमा उत्पादनमुखि विषेश कार्यक्रम संचालन गरिने छ
- स्थानीय स्तरको कृषि उत्पादनको लागि माटो परिक्षण लगाएत स्थलगत अध्ययन गरिने छ ।
- व्यवसायिक कृषकलाई उत्प्रेरित गर्न उत्कृष्ट कृषकलाई प्रोत्साहन गर्ने कार्यमा जोड दिईने छ।

## २. पशु सेवा तथा प्रसार कार्यक्रम :–

- गाउँपालिका भित्र उत्पादित पशुपंछिबाट प्राप्त हुने कच्चा प्रदार्थहरुबाट निर्मित पशुजन्य सामाग्रीहरुको उत्पादन गर्न पशुजन्य उद्योगहरुको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै उत्पादित सामाग्रीहरुको बजारिकरणको लागि आवश्यक सहयोग तथा सहजिकरण गाउँपालिकाले गर्ने नीति ल्याईने छ ।
- **"उन्नत जातका गाई, भौसी, बाखा, भेडा, मत्स्यपालन व्यवसाय गरौं, पशुपन्छी व्यवसायलाई अभिबृद्धि गरि हिमाली गाउँपालिका लाई आत्मनिर्भर बनाऔं** भन्ने मुल नारालाई साकार पार्न यस गाउँपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्ने कृषक तथा कृषक समूहलाई उन्नत खालका बोका, थुमा, राँगा र साँडे उपलब्ध गराउदै आइराखेका क्रियाकलापहरुलाई निरन्तरता दिनुका साथै उन्नत खालका पशुहरु खरिद गरी व्यवसायी रुपमा पशुपालन गर्न इच्छुक कृषक तथा कृषक समूहलाई ५० प्रतिशत खरिद अनुदान र १०० प्रतिशत ढुवानी अनुदानको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- देशको अर्थतन्त्रको मेरुदण्ड कृषि तथा पशुपालन क्षेत्रको विकास नै यस हिमाली गाउँपालिकाको प्रमुख आधार भएकाले प्रत्येक वडामा एक पशु स्वास्थ्य प्राविधिक राख्ने गरि आवश्यक प्रकृया अघि बढाईने छ ।

- ❖ कृषि तथा पशुपंक्षि विमा कार्यक्रम संचालनका लागि आवश्यक पहल गरिने छ ।
- ❖ जुनोटिक रोग नियन्त्रणका लागि आवश्यक रणनीति अवलोकन गरिने छ । पशुपंक्षी रोगथामका लागि भेटेरीनरी निरीक्षण, निगरानी, अवलोकन, उपचार, जैविक सुरक्षा प्रबर्धन कार्यलाई संचालन गरिने छ ।
- ❖ एकल महिला, दलित, अपाङ्गता भएका व्यक्ति, शहिद परिवार तथा द्धन्द प्रभावितहरुलाई कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन गरिने छ।
- ❖ यस हिमाली गा.पा. मा **१ वडा १ पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम** संचालन गर्ने नीति लिइने छ ।
- ❖ पशुपंक्षी तथा कृषि जन्यरोग नियन्त्रणका लागि साधारण ल्याव, माटो परिक्षण प्रयोगशाला, जैविक विषादी व्यवस्थापनमा व्यवस्था तथा आवश्यक सुधार गरिने छ ।
- ❖ पशुपालनको रुपमा भेडा, च्यांग्रा बाखा, तथा झुमा गाईको व्यवसायिक उत्पादन गरी पशुजन्य उत्पादन अभिवृद्धि गर्नुका साथै निर्यात गर्ने तर्फ कार्यक्रमहरु ल्याइनेछ । पशुजन्य उद्योगहरु स्थापना गर्न प्रोत्साहन गरिने छ ।
- ❖ ऊन मिसनका लागि भेडा प्रवर्द्धन कार्यक्रम, बाखाको साना व्यवसाय उत्पादन पकेट विकास कार्यक्रमलाई आगामी आ.व.मा निरन्तरता दिईने छ ।

  उन्नत जातका पशुपंक्षी उत्पादन गर्नका लागि कृतिम गर्भधान कार्यक्रमलाई कृषक व्यवसायिक सम्म पुर्याउने साथै व्यवसायीक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न अनुदान, तालिम तथा प्रोत्साहनलाई जोड दिईने छ ।
- ❖ पशुपालन क्षेत्रको बिकासमा कृषक समुह, समिती, सहकारी, गैह्र सहकारी संस्था र गाउँपालिका विच साझेदारी गरिने छ ।

## ३, घरेलु तथा साना उधोग तर्फ :–

- ❖ हिमाली गाउँपालिकाको धुलाचौरमा औद्योगिकग्रामको निर्माण कार्यलाई तिव्र गतिमा अगाडि बढाई निकट भविस्यमा नै हिमाली गाउँपालिका भित्र उत्पादित फलफूल, अन्य कृषि जन्य उत्पादीत

बस्तु, पशुजन्य उत्पादीत बस्तु, जडिबुटी, काष्ठजन्य बस्तु, केतुके, अल्लो, लोक्ता लगाएतका अन्य बन पैदावारसंग सम्बन्धीत उद्योगहरु संचालनमा ल्याई हजारौं नागरिकहरुलाई रोजगारीमा जोड्ने गरि आवश्यक नीति अवलम्वन गरिने छ ।

- ❖ स्थानीय सीप, श्रोत, साधन एवं प्रविधिको प्रयोगलाई बढावा दिई व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ घरेलु तथा साना उद्योग विकास कार्यालय सहित यस क्षेत्रमा सहयोग गर्ने निकायसँगको सहकार्यमा लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम तथा औजार, यन्त्र, उपकरण प्रदान गरीने छ ।
- ❖ स्थानीय वन पैदावर, प्राकृतिक स्रोत साधन, जडिवुटीमा आधारीत उद्योगहरु स्थापना गर्न लगानी कर्ताहरुलाई उचित वातावरणको व्यवस्था गरिने छ ।
- ❖ संघिय सरकारको सर्शत तर्फ प्राप्त वजेट अर्न्तगत कार्यक्रमवाट उद्यमशिलता कार्यक्रम (मेड्पा) तथा प्रशिक्षण सञ्चालन र औजार यन्त्र उपकरण वितरण गरीनेछ ।
- ❖ स्थानीय स्रोत साधन परिचालन गरि विभिन्न किसिमका आत्मनिर्भर हुने गरि मेडपा कार्यक्रम अन्तरगत व्यवसाय सम्बन्धी सिप विकास तालिम सञ्चालन गरि स्वारोजगारको अवसर सिर्जना गरिने छ ।
- ❖ युवा स्वरोजगार कार्यक्रमलाई विशेष जोड दिइने छ ।

## ४. पर्यटन तर्फ :–

- ❖ पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाई पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरि आवश्यक कार्य अगाडी बढाईने छ ।
- ❖ हिमाली गाउँपालिकाका मुख्य सिमाना एवंम नाकाहरुमा गाउँपालिकाको पहिचान झल्किने गरि स्वागतद्धार एवंम बोर्ड व्यानर राख्ने नीति लिईने छ ।

- ❖ पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवंम पर्यटकहरु प्रतिको समुचित व्यवहार एवंम पर्यटक मैत्री व्यवसाय संचालन गर्न स्थानीय होटल व्यवसाय र अन्य पर्यटनसंग सम्बन्धीत व्यवसायीलाई पर्यटन मैत्री सेवा तथा व्यवहार विकास तालिम संचालन गर्ने गरि आवश्यक नीति लिईने छ ।
- ❖ सुरक्षित सडक सञ्जाल निर्माण, मन्दिर तथा देवस्थल निर्माण, गुफा ब्यवस्थापन, खरी ढुङ्गा, चुन ढुङ्गाको उत्खनन्, तथा अन्य पर्यटकीय स्थलहरुको पहिचान गर्ने कार्यलाई निरन्तरता दिँदै हिमाली गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा ऱ्याफ्टीङ्ग सेवा निरन्तरता, रानीसैन पर्यटकीय क्षेत्रसम्म पदमार्ग यात्रा संचालन गर्ने कार्यको निरन्तरता दिईने ।
- ❖ हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु सम्पन्न गरिनेछ ।
- ❖ गाउँपालिकाको पर्यटकिय क्षेत्रको पहिचान हुने गरी पर्यटन पुस्तक प्रकाशन गरीने छ । साथै पर्यटकीय क्षेत्रको गुरुयोजना यसै आ.व. भित्र तयार गरिने छ ।
- ❖ पर्यटकीय क्षेत्रमा रुची राख्ने युवाहरुलाई ट्रेकीङ्ग गाईड, होमस्टे सञ्चालन तथा पर्यटकीय प्रर्वर्द्धन मुलक तालीम दिईने छ ।
- ❖ पर्यटन प्रर्वद्धन, संरक्षण, सम्वर्द्धन र पर्यटन विकासका कार्यक्रम संचालनका लागि सम्बन्धीत सरकारी गैरसरकारी संघ संस्था लगायत अन्य क्षेत्र संग समन्वय, सहकार्य नीति लिईने छ ।

## ५. सहकारी विकास तर्फ :–

- ❖ गाउँपालिका भित्र स्थापना भएका सहकारीहरुको गुणस्तर र प्रभावकारीतालाई नियमन अनुगमन र सहकारी शिक्षामा जोड दिइने छ भने थप शहकारी विस्तार तथा विकास गरी सहकारीलाई पुँजी निर्माण साथै स्थानीय नागरिकलाई स्वरोजगार उत्पादन गराउने महत्त्वपुर्ण माध्यमको रुपमा स्थापित गरी स्थानीय रोजगारी वृद्धि तथा स्थानीय कृषि उद्योग स्थापना र साना घरेलु उद्यममा लगानी गर्ने वातावरणको सृजना गरिने छ ।
- ❖ सहकारी स्थापना, आवद्धता र प्रर्तिफल तर्फ विशेष जोड दिईने छ ।
- ❖ सहकारीको दिगोपना र विश्वसनियता वृद्धि हुने गरी सहकारी सञ्चालनमा जोड दिईने छ ।
- ❖ अन्य संघ सस्था संगको सहकार्यमा सहकारीकर्मी तथा सरोकारवालालाई प्रशिक्षण लगायत अन्य कार्यक्रम संचालन गराउने नीति लिईने छ ।

## ६. वैंक तथा वित्तिय तर्फ :–

- ➢ हालको भुक्तानी प्रकृयामा सरलीकरण गर्न ई.एफ.टि सिस्टमलाई लागु गरि वैकंमा लाईनमा बसिरहनु पर्ने अवस्थाको अन्त्य गरिने नीति अवलम्बन गरिने छ ।
- ➢ सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमलाई व्यवस्थीत, भरपर्दो एवंम छिटो छरितो बनाउन बैकंको समन्वयमा घर दैलोमा वितरण गर्ने कार्य अघि बढाईने छ ।
- ➢ वैक तथा वितिय सेवा सरल सहज पहुच योग्य हुने गरी शाखा विस्तार तथा प्रविधि मैत्री वैंकीङ्ग सेवा प्रदान गर्न तथा सेवा लिनको लागी वैंकीङ्ग निकाय र नागरीक दुवैलाई उत्प्रेरीत गरीने छ भने सामाजीक सुरक्षा भत्ता समयमा वितरण गर्न र वैंकको कार्यवोझ कम गर्नको लागि पायक पर्ने स्थान मिलाएर पुनः वैंक खाता खोली भत्ता वितरण गर्ने कार्यलाई
  सरलीकरण गरीने छ ।

## ७. राजश्व परिचालन तर्फ :–

- ❖ हिमाली गाउँपालिकाको वडा नं १,२,३ र वडा नं ६ को पाँडी र अन्य आवश्यक स्थानमा जडिबुटी उत्पादन संकलन बेचविखन कार्यलाई कानुनी बैद्यता जडीबुटी संरक्षण, स्थानीय संकलनकर्तालाई उचित मुल्य प्राप्तिको सुनिश्चीतता र राजश्व संकलन कार्यलाई व्यवस्थापन गर्ने गरि सुरक्षा निकाय र वन उपभोक्ता समिति, सरोकारवाला निकायसंग समन्वय गरि उक्त स्थानमा आवश्यक पर्ने कर्मचारी, स्वयमसेवक, नगर प्रहरी, सुरक्षाकर्मी परिचालन गर्ने गरि आवश्यक व्यवस्था मिलाईने छ ।
- ❖ हिमाली गाउँपालिका राष्ट्रिय सडक सञ्जाल कर्णाली करिडोरसंग जोडिएको हुँदा हिमाली गा.पा. मा रहेको व्यवसायिक क्षेत्र बाँधु, धुलाचौर र कुवाडीमा रहेका बजार क्षेत्रबाट व्यवसाय कर असुल गर्ने गरि आवश्यक कार्य अगाडि बढाईने छ ।
- ❖ निरन्तर रुपमा वगि रहेको कर्णाली नदि बाट उत्खनन् हुने बालुवा, गिट्टीको राजश्व दर निर्धारण गरि राजश्व रकम उठाउने प्रवन्ध मिलाईने छ ।
- ❖ गा.पा तथा वडाको आन्तरिक राजश्व चुहावटलाई नियन्त्रण गरि राजश्व संकलन तथा राजश्व संकलनकर्तालाई प्रोत्साहन एवंम पुरष्कृत गर्ने नीतिको आत्मसाथ गर्दै राजश्व संकलनमा बृद्धि गरिने छ।
- ❖ स्थानीय सरकार संचालन ऐन २०७४ दायरा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को अनुसुची ३ अर्न्तगत स्थानीय तहले लगाउने कर र गैरकरको क्षेत्र भित्र रहि यथाशिघ्र गाउँपालिकाले लगाउने करका सम्वन्धमा पुर्ण र दिर्घकालीन नीति तर्जुमा गरिने छ ।
- ❖ समयमा कर नतिर्नेलाई थप जरिवाना र दण्डित गरिने छ भने लामो समय कर नतिरी अटेर गर्नेलाई गाउँपालिकाले दिने सवै सेवा रोक्का गरिनेछ भने वढी कर तिर्ने  तथा समयमा कर तिर्ने कर दातालाई पुरस्कृत गरीने छ ।

❖ घुम्ती शिविर मार्फत वस्ती स्तरमा समेत गई घर दैलो कर संकलन गरीने छ ।

**(ख) सामाजीक विकाश समिति तर्फ :–**

**श्रद्धेय उपाध्यक्ष ज्यु एवं सभा सदस्य ज्युहरु**

**१. शिक्षा तर्फ :–**

❖ हिमाली गाउँपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई समयानुकूल तालिमको व्यवस्था, प्रतिस्प्रधी वातावरणको सृजनाका साथै शैक्षिक स्तर सुधारका लागि आवश्यक भएका विद्यालयमा कम्प्यूटर शिक्षक नियुक्ति गरी शिक्षालाई प्रविधिसँग जोड्नका लागि आवश्यक नीतिहरु अवलम्बन गरिने छ ।

❖ समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न आर्थिक तथा विपन्न, दलित, जनजातीका बालबालिकाहरुलाई छात्रवृत्तीको व्यवस्था, गाउँपालिका भरिका सबै सामुदायिक विद्यालयहरुमा परीक्षा प्रणालीको एकरुपकता र शैक्षिक सत्रको सुरुवातमै पाठ्यपुस्तक उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ ।

❖ डिप्लोमा तहको प्राविधिक शिक्षालयको स्थापना, गाउँपालिका क्षेत्रभित्रमा रहेका माध्यामिक विद्यालयलाई निदिष्ट सूचकका आधारमा नमूना विद्यालय घोषणा गरी आवश्यक शैक्षिक क्रियाकलापहरु संचालन गर्नका लागि बजेटको व्यवस्था  गरिने छ ।

❖ हिमाली गाउँपालिकाको खेलकूद क्षेत्रको विकास गर्न **"स्वास्थ्यको लागि खेलकूद राष्ट्रका लागि खेलकूद"** भन्ने मूल नारालाई साकार पार्न गाउँपालिकामा खेलकूद रंगशाला निमार्ण गरी राष्ट्रपति रनिङ्गसिल्ड र गाउँपालिका अध्यक्षकप जस्ता खेलकूद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरु निरन्तरता दिने नीति लिईने छ ।

❖ कोरोना लगायत अन्य विभिन्न कारण विद्यालय तथा शिक्षण सिकाईमा पर्न सक्ने प्रभावलाई मध्यनजर गरी शिक्षण सिकाईलाई निरन्तरता दिइ विद्यालयलाई सुरक्षित राख्न वैकल्पिक सिकाईको व्यवस्था गरिने छ ।
❖ विद्यालय स्तरमा सवै शिक्षक कर्मचारी तथा विद्यार्थीहरु लाई कोभिड १९ विरुद्धको खोपको थप वुस्टर डोज लगाई रोग बाट बच्न र बचाउने कार्यको शुनिश्चीतता गर्ने गरि सम्बन्धीत निकायसंग समन्वय गरिने छ ।
❖ सवै विद्यालय सञ्चालन सम्बन्धमा बार्षिक क्यालेण्डर तयार गरीने छ भने यसै वर्षवाट स्थानिय पाठ्यक्रम निमार्ण गरी कक्षा १ वाट शुरु गरी निरन्तर ५ सम्म पुर्याईने नीति ल्याईने छ ।
❖ आधारभुत तह उर्तीण परीक्षा तथा अन्य कक्षागत तहको परीक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न जोड दिईने छ ।
❖ सम्पुर्ण विद्यालयमा क्रमशः पुस्तकालय, गणित, विज्ञान र कम्प्युटर प्रयोगशाला व्यवस्थित गर्दै लगीनुको साथै प्रत्येक माध्यामिक विद्यालयमा इ पुस्तकालयको व्यवस्था गरी त्यसको उचीत प्रयोगमा जोड दिईने छ ।
❖ विद्यालयका प्रध्यानाध्यापक, शिक्षक तथा लेखा कर्मचारीलाई क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गरी शिक्षक कर्मचारीको क्षमता विकास गर्ने नीति अवलम्बन गरिने छ।
❖ विद्यार्थीको क्षमता तथा प्रतिभा पहिचान र प्रस्फुटनको लागि विभिन्न क्षेत्रका खेलकुद साथै अतिरिक्त क्रियाकलाप सञ्चालन गरीने छ ।
❖ शैक्षिक प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउन शिक्षा शाखासंग प्र.अ को कार्यसम्पादन सम्झौता गर्ने गरी त्यसको उचीत कार्यन्वयनमा जोड दिईने छ ।
❖ शैक्षिक गुणस्तर सुधारमा अग्रसर रहने र राम्रो नतिजा प्राप्त गर्ने विद्यालयका प्र.अ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक कर्मचारी र विद्यालयलाई समेत उत्कृष्टताका आधारमा पुरस्कृत गर्ने नीति अपलम्बन गरिने छ ।

- ❖ खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रमलाई विद्यालयमा लागु गरी बिद्यालयको वातावरणमा सुधार ल्याई वातावरण संरक्षणमा सहयोग पुऱ्याईने छ ।
- ❖ विद्यालय स्वच्छ सरसफाई कार्यकम अन्तर्गत पिउने पानी, वालमैत्री शौचालय तथा नियमित सरसफाई, प्राथमिक उपचार कक्ष, कक्षा कोठा ब्यबस्थापन जस्ता कुराहरुको कमशः सुधार गर्दै लगिने छ ।
- ❖ विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि, शिक्षा शाखा, गाउँ शिक्षा समिति र वडा शिक्षा समितिहरु मार्फत नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षणमा जोड दिईने छ ।
- ❖ महिनावारी भएकै कारणले कुनै पनि छोरीहरुको पढाइ नछुटोस भन्ने उद्देश्यका साथ सबै किशोरीहरुलाई निःशुल्क स्यानिटरि प्याड वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- ❖ **सुरक्षित विद्यालय धुलोमुक्त विद्यार्थी हाम्रो इच्छा, श्रम सिप र रोजगारमुखी गुणस्तरीय शिक्षा भन्ने नारालाई** साकार पार्दै प्रत्येक विद्यालयमा डेस्क, बेन्च तथा विद्यालय फर्निचरको व्यवस्था गरी विद्यालयलाई सुविधा सम्पन्न बनाउने कार्यलाई निरन्तरता दिईने छ ।
- ❖ स्थानीय तहको १० वर्षे शिक्षा रणनैतिक योजना निमार्ण गरी शिक्षालाई व्यवस्थित र योजनावद्ध गरिने छ ।
- ❖ गाउँपालिका स्तरीय बार्षिक परीक्षा प्रणालीलाई विश्वसनिय बनाई परीक्षा प्रणालीमा एकरुपता ल्याइनेछ ।
- ❖ बालबालिका र किशोर किशोरी तथा युवा युवतिहरुको अन्तरनिहित क्षमतामा अभिवृद्धि गर्दै शाररीक, बौद्धिक, सामाजिक, संवेगात्मक आध्यात्मीक विकासका लागि आदर्श र सच्चचरित्तवान नागरिक तयार गर्नका लागि सबै विद्यालय स्तरमा स्थानीय स्काउट, तदर्श समिति गठन गर्ने जुनियर रेडक्रस गठन लगायतका क्रियाकलाप संचालन गर्ने नीति लिइने छ ।
- ❖ हिमाली गाउँपालिका अन्तरगत शैलेश्वरी मा.वि लाई कक्षा १२ सम्म अध्ययन अध्यापन गराउनको लागि शिक्षक दरवन्दी लगायत अन्य संरचना निर्माण गर्ने गरि आवश्यक कार्य अगाडि बढाईने छ ।

- ❖ हिमाली गाउँपालिका अन्तरगत रहेका जनता मा.वि र ठुलाकोट मा.वि लाई शिक्षक दरवन्दी साथै व्यवस्थीत भवन संरचनाको लागि आवश्यक कार्य गरिने छ ।
- ❖ सवै विद्यालयलाई आइ.टि मैत्री बनाउने तथा इन्टरनेट सेवा जडान गर्ने गरि आवश्यक कार्य अगाडी बढाइने छ ।
- ❖ इ.सि.डी स.का विद्यालय कर्मचारीहरुलाई आवश्यक तोकिए बमोजिमको तलव भत्ताको व्यवस्थापन मिलाईने छ ।
- ❖ गाउँपालिका स्तरीय उच्च शिक्षा आर्जनको लागि क्याम्पस स्थापना गर्ने गरि आवश्यक कार्य अगाडि बढाईने छ ।

**०२. स्वास्थ्य तर्फ :–**

- ❖ **"टोल टोलमा स्वास्थ्य सेवाको पूर्वाधार" "गुणस्तरीय र जनमुखी स्वास्थ्य सेवा समृद्ध एवं दिगो विकासको आधार"** भन्ने नारालाई स्वास्थ्यको मूल नाराको रुपमा अंगिकार गर्दै यस गाउँपालिकाका सबै नागरिकको पहुँचमा आधारभूत स्वस्थ्य सेवा पुगाउन हिमाली गाउँपालिकाका दुर्गम बस्तिहरु पाँडी, क्यूडी, बाममा गत वर्ष नै स्वास्थ्य संस्था स्थापना गरिसकेको र आगामी आ.व. मा गुम्बा र बोर्तामा जनशक्ति सहित स्वास्थ्य संस्थाको स्थापना गरी स्वास्थ्य सेवा संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- ❖ गर्भवती र सुत्केरी महिलाहरुलाई आपतकालिन अवस्थमा अस्पतालसम्म पुगाउनको लागि निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिने छ ।
- ❖ हिमाली गाउँपालिकाका नागरिकहरुका लागि इन्धन खर्च बाहेक अन्य एम्बुलेन्स शुल्क पुर्ण रुपमा छुट दिने व्यवस्था मिलाई निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिने छ ।
- ❖ हिमाली गाउँपालिका वडा नं ५ मा रहेको रुगीन स्वास्थ्य चौकी र वडा नं १ मा रहेको विच्छयाँ स्वास्थ्य चौकीबाट नागरिकहरुले स्वास्थ्य जटिलता रोगहरुको समय मै निधान गर्न रगत, दिशा, पिसाव, फोक्सो, मृगौला लगायतका जाँचहरु गर्ने गरि स्वास्थ्य प्रयोगशाला (ल्याव) सेवा संचालन गरिने छ ।

- ❖ यस गाउँपालिकाका सम्पूर्ण बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन COVID 19 बाट बच्न र बचाउन खोप कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।
- ❖ बर्थिङ सेन्टर तथा दक्ष प्रसुतिकर्मीको प्रयाप्त व्यवस्था गरि संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्ने र आमा सुरक्षा कार्यक्रमको उपलब्धिलाई कायम राख्दै सवै स्वास्थ्य संस्थाहरुबाट गर्भ जाँच तथा सुत्केरी गराउन मिल्ने गरि आवश्यक व्यवस्था मिलाईने ।
- ❖ महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न आवश्यक बजेट सहित आवश्यक कार्यक्रमको व्यवस्था मिलाईने छ ।
- ❖ **"म, मेरो स्वास्थ्य र मेरो जिम्मेवारी"** भन्ने नारालाई अंगीकार गर्दै यस गाँउपालिकाका सबै वडामा स्वास्थ्य विमा गर्न जनतालाइ प्रोत्साहित गरिने छ साथै **क र ख बर्गका अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य विमा गाउँपालिकाले नै गरिदिने गरि आवश्यक नीति लिईने छ ।**
- ❖ **कुपोषणवाट प्रभावित रहेको समस्यालाई सम्वोधन गर्न स्वास्थ्य पोषण कार्यक्रम र अन्य जनस्वास्थ्यका कार्यक्रमलाई जोड दिई पूर्ण पोषण युक्त तथा कुपोषण मुक्त गाउँपालिका घोषणा गरिने छ ।**
- ❖ कोभिड लगाएतका सरुवा रोग माहामारी नियन्त्रणको लागि श्रोत साधन सहित सस्थागत, नीतिगत, संरचनागत जनशक्तीगत ब्यबस्था र प्रभावकारी कार्यन्वयनमा जोड दिईने छ ।
- ❖ अति गरीव बिपन्न ,अपाङ्ग लगायत आर्थिक सामाजीक रुपले पछि परेका कडा रोगीलाई औषधि उपचार अनुदान दिने नीतिलाई निरन्तरता दिईने छ ।
- ❖ वहुक्षेत्रिय पोषण कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरीने छ ।
- ❖ खोपद्धारा रोकथाम गर्न सकिने रोगहरुको रोकथामको लागि नयाँ खोपहरुको शुरुवात गरिने छ । गुणस्तरीय खोपको प्रर्वद्धनको लागि कोल्ड चेन कायम राख्न गाउँपालिका तहको कोल्ड चेन गुणस्तर सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

- हिमाली गाउँपालिका वडा नं. ५ कवाडिमा निमार्णाधिन गाउँपालिका स्तरीय १० शैयाको अस्पताल निमार्ण कार्यलाई तिब्रता दिई छिटै अस्पताल सेवा संचालनमा ल्याइने छ ।
- परिवार स्वास्थ्य लगायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकीकृत सेवाको रूपमा कार्यान्वयन गरिनेछ । युवा तथा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवाको अवधारणालाई सम्पूर्ण स्वास्थ्य सेवाप्रदायक संस्थाहरूमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसंग समायोजन गराइनेछ । प्रजनन् स्वास्थ्य सम्बन्धी ऐन मार्फत प्रजनन स्वास्थ्य अधिकार सुनिश्चीत गरिनेछ ।
- विद्यालयमा प्राथमिक स्वस्थ्य सेवा विस्तार गरिनुका साथै कुनै पनि नागरिक बञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा समुदायसम्म उपलब्ध गराउने छ ।
- उत्कृष्ट कार्यक्षमता भएका स्वस्थ्य संस्था तथा स्वास्थ्य सेवा प्रदायकलाई प्रोत्साहन गरिनेछ ।
- विभिन्न महामारी जन्य रोगहरु सर्ने तथा नसर्ने रोगहरु सम्बन्धि रोकथाम, नियन्त्रण, उपचार र जनचेतनामूलक कार्यक्रममा जोड दिइने छ ।
- विद्यालय जाने उमेरका बालबालिकाहरुको स्वास्थ्य तथा पोषण प्रवर्द्धनलाई विशेष संबोधन गरिनेछ ।
- विपद् तथा दुर्घटनाबाट हुने चोटपटकका कारण अपांगता र मृत्यूमा भैरहेको तीव्र वृद्धिलाई सम्बोधन गर्न रोकथाम शिघ्र उपचार र दोहोरो प्रेषक प्रणालीलाई प्रभावकारी बनाइनुका साथै गाउँपालिका क्षेत्रमा एम्बुलेन्स सेवालाई थप व्यवस्थित गरिने छ ।
- मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गरिनेछ । मानसिक स्वस्थ्य शिक्षा कार्यक्रमलाई शिक्षण संस्थामार्फत एक अभिन्न अंगका रुपमा प्रभाहित गरिने छ ।

- स्वास्थ्यकर्मी र सेवाग्राही विच पेशागत सुमधुर संबन्धको सुनिश्चितता गर्न संवन्धित निकायहरुसंग समन्वय गरि स्वास्थ्यकर्मिहरुको सुरक्षाको प्रत्याभुति गर्नुको साथै आमजनसमुदायको स्वास्थ्य सुरक्षा र विरामीहरुप्रति स्वास्थ्यकर्मिहरुले निर्वाह गर्नुपर्ने पेशाधर्मिता ( आचारसंहिता)को पालनालाई सुनिश्चित गरिनेछ ।

**३. युवा तथा खेलकुद तर्फ : –**

- राष्ट्रिय युवा परिषद् राष्ट्रिय युवा नीति युवा विकासका लागि १० बर्षे रणनिती योजना युथ भिजन २०२५ अनुसारका कार्यक्रम गाउँपालिकामा संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।
- कामको लागि विदेशीनु पर्ने बाध्यतालाई न्यूनिकरण गर्दै गाउँपालिका क्षेत्र भित्रै रोजगारीको वातावरण सिर्जना गरि युवाहरुलाई स्वरोजगारमा जोडि व्यवसायी बनाउने नीति लिईने छ ।
- युवा लक्षीत कार्यक्रममा जोड दिइने छ ।

**०४. महिला तथा बालबालिका र लक्षीत वर्ग तर्फ :–**

- प्रधानमन्त्री रोजगार तथा युवा रोजगारीका लागी रुपान्तरण पहल परियोजना कार्यक्रम मार्फत यसै वर्ष भित्र सबै वेरोजगार युवाहरुलाई १०० दिनको रोजगार प्रदान गरीने छ।
- वेरोजगार युवा जनशक्तिलाई सिपमुलक स्वरोजगार वनाउन स्वरोजगार तालिम प्रद्धान गरिने छ ।
- हिंसामा परेका पिडित महिला तथा किशोरी र बालवालिकाहरुका लागि गाउँपालिका स्तरीय सेभ हाउस लगायत बिभिन्न संघसंस्था संगको समन्वयमा समयमै उद्दार तथा न्याय दिलाउने गरि आवश्यक कार्य अगाडी बढाईने छ ।
- विहेबारी २० बर्ष पारि भन्ने मुल नारालाई आत्मसाथ गर्दै बालविवाह न्यूनिकरण गर्न प्रोत्साहन स्वरुप छोरी उच्च शिक्षा कोष संचालनको लागि आवश्यक नीति लिईने छ ।

- ❖ युवा आत्मनिर्भर वनाउन वैंक, निजिक्षेत्र लगाएत सहयोगी संस्थासंग सहकार्य गरी स्वरोजगार कार्यक्रम संचालनमा जोड दिइने छ ।
- ❖ **एक घर एक रोजगार कार्यक्रम**लाई सञ्चालन गर्न आवश्यक नीति लिइने छ ।
- ❖ **अध्यक्षसग सवै लक्षीत वर्ग कार्यक्रम** को रुपमा तय गरी प्रभावकारी कार्यन्वयन गरीने छ ।
- ❖ दिर्घकालिन क्रमागत कार्यक्रमको रुपमा उपाध्यक्षसंग महिला वालवालिका  कार्यक्रम अर्न्तगत महिला अधिकारमा आधारित विकास पद्धतिलाई आत्मसात गर्दै ७ वटै वडाका महिला तथा वालवालिकाहरुलाई नेतृत्व एवं क्षमता विकास तथा आर्थिक विकासका लागि सिपमूलक तालिम दिईनेछ ।
- ❖ गाउँपालिका केन्द्रवाट महिलालाई कानुनी सचेतना, संविधान, मेलमिलाप लगाएतका विषयमा तालिम प्रदान गरिने छ ।
- ❖ १६ दिने महिला हिंसा दिवस, नारी दिवस, नेपाली संस्कृति जोगाउन स्थानीय पर्व जस्ता कार्यक्रम संचालन गरि महिला सशक्तिकरणमा जोड दिईने छ ।
- ❖ न्यायिक समितिलाई सकृय गराई महिला प्रति हुने सवै प्रकारको हिंसा तथा विभेदमा छिटो न्याय दिने कुरालाई प्राथमिकता दिईने छ ।
- ❖ वालवालिकाको पोषण लगायत वाल अधिकार बिषयमा बिभिन्न अर्न्तकृया लगायतका कार्यक्रम सञ्चालन गरीने छ ।
- ❖ आपतकालिन वाल संरक्षण आपतकालिन महिला संरक्षणको लागि कोषको रुपमा रकम विनियोजन गरी परिचालन गरिने छ ।
- ❖ महिला तथा वालवालीका तर्फको न्युनतम रुपमा प्राप्त हुने सर्शत वजेटको प्रभावकारी कार्यान्वयन गरीने छ ।
- ❖ यूवा क्लब, बाल क्लवहरुको गठन, दर्ता तथा व्यवस्थापन कार्यमा जोड दिदै युवा तथा बालबालिका सशक्तीकरण कार्यक्रम संचालन गरिनेछ ।

- लिङ्ग पहिचान गरी गर्भमा रहेका छोरीहरुको भुणहत्या गराउने जस्तो जगन्य अपराध लाई शुन्यमा झार्ने नीति लिनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**०५. अपांगता तथा जेष्ठ नागरीक र अन्य तर्फ :–**

- बैकंसंगको समन्वय सहकार्य गरि सामाजिक सुरक्षा भत्ता घर घर मै वितरण गर्ने गरि आवश्यक कार्य अगाडि बढाईने छ ।
- गाउँपालिका भित्रमाथिका ६५ बर्ष भन्दामाथि र ७० बर्ष भन्दा तलका जेष्ठ नागरिकहरु र  ग र घ वर्गका सम्पूर्ण अपागंहरुलाइ बितरण गर्दै आईरहेको सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- गाउँपालिकाभित्र अपाङ्ग तथा जेष्ठ नागरिकहरुको पहिचान गरी समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- अपाङ्गता भएका ब्यक्तिहरुको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तीमा सहज पहुँचका लागि गाउँपालिका कार्यालय, वडा कार्यालय, सवै स्थानीय स्तरका विषयगत सरकारी कार्यालयहरु तथा सार्वजनिक शौचालयहरुलाई क्रमश अपाङ्गमैत्री वनाउँदै लगिनेछ ।
- जनजाति, दलित, द्धन्द पिडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडि परेको वर्ग तथा समुदायको हितको लागि  कार्यालय मार्फत लक्षित कार्यक्रम लगाएत सिपमुलक र रोजगारी मुलक कार्यक्रम तर्जुमामा जोड दिईने छ ।
- यस गाउँपालिका भित्रका दुवै खुट्टा नभएका स्थानीय अपाङ्ग व्यक्तिलाई निःशुल्क ह्वीलचियर, बैशाखी लगायत अन्य आर्थिक साहयता उपलब्ध गराईने छ ।

**०६. खानेपानी तथा सरसफाई तर्फ :–**

- हिमाली गाउँपालिकाको केन्द्र धुलाचौर बजार क्षेत्र र आसपासका बस्तीहरुको लागि कर्णाली नदीबाट पानी तान्ने र पानी सुद्धिकरण

गरि बजारलाई खानेपानी वितरण गर्ने गरि **लिफ्टीङ खानेपानी आयोजना** अगाडि बढाईने छ ।

- ❖ हिमाली गाउँपालिकालाई **सिसामुक्त गाउँपालिका** बनाउने गरि आवश्यक कार्यक्रम अगाडि बढाईने छ ।
- ❖ गाउँपालिका अन्तरगत पर्ने बजार क्षेत्र **धुलाचौर र कवाडीमा डम्पीङ साइट** निर्माण गर्ने र बजार क्षेत्रमा फोहर संकलन गर्न कन्टेनर राख्ने गरि फोहर व्यवस्थापनको नीति लिईने छ ।
- ❖ गाउँपालिकाको नाराको रुपमा रहेको **"एक घर एक धाराको**" नीतिलाई पूर्णरुपमा कार्यन्वयन गर्न गराउने कार्यलाई जोड दिइनेछ।
- ❖ खानेपानीका पुराना आयोजनाहरुको मर्मत पुनर्स्थापना एवं नयाँ आयोजनाहरुको कार्यन्वयनमा जोड दिईने छ ।
- ❖ खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गरी मर्मत संभार तालिम प्रदान गरिनेछ ।
- ❖ खानेपानीको मुहान दर्ता लगाएतको प्रारम्भीक कार्यहरुको निरन्तरता दिइनेछ ।

## ०७. गै.स.स, निजि क्षेत्र, सहकार्य साझेदारी तर्फ :–

- ❖ यस गाउँपालिकामा लागु भएका सम्पूर्ण सरकारी तथा गैर सरकारीसंघ संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई एकद्धार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै उक्त सेवाहरुलाई नागरिकहरुको आवश्यकता अनुरुप भए नभएको आवश्यक मूल्याङ्कन तथा अनुगमन गरी नागरिकहरुलाई छिटो छरितो रुपमा सेवाको उपभोग गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ गाउँपालिकासंग विकास र जनसेवामा साझेदारी गर्न चाहाने राष्ट्रिय, अन्तराष्ट्रिय गै.स.स संगको सहकार्यलाई उच्च प्राथमिकता दिई NGO DESK लाई थप प्रभावकारी बनाईने छ ।

- स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकास गतिविधिमा गै.स.स संग सहकार्य गरिने छ ।
- गै.स.स लाई पारदर्शी, सुशासन मैत्री र वास्तविक विकासको साझेदार हुन उत्प्रेरित गरिने छ ।
- विकासमा सार्वजानिक निजि साझेदारी रणनीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिने छ ।

**(ग) पुर्वाधार विकाश समिति तर्फ :–**

**श्रद्धेय उपाध्यक्ष ज्यु एव  सभा सदस्य ज्युहरु**

**१ समग्र पुर्वाधारजन्य कार्य प्रकृया सम्बन्धमा :–**

- **समृद्ध हिमालीको आधार, विकासका पूर्वाधार** भन्ने नाराका साथ हिमाली गाउँपालिका ७ वटै वडालाई सडक संजालमा जोड्ने, ७ वटै वडाका वडा कार्यालय भवन निर्माण गर्ने, शिक्षा, स्वास्थ्य, संचार, विद्युत लगायत क्षेत्रको पूर्वाधार निर्माण गर्ने गरि आवश्यक कार्य अगाडि बढाईने छ ।
- ३० लाख भन्दा माथीका योजनामा अनिवार्य सम्भाव्यता अध्ययन र ५० लाख भन्दा माथीका योजनामा डि.पि.आर तयार गरेर मात्र काम गर्ने प्रकृयालाई अवलम्वन गरीने छ ।
- उपभोक्ता मार्फत निर्माण गरिने योजना आयोजनाहरुको उपभोक्ताको लागत सहभागीतालाई अनिवार्य कार्यान्वयनमा जोड दिईने छ ।
- हिमाली गाउँपालिका क्षेत्र भित्र संचालन हुने नेपाल सरकार, प्रदेश सरकारबाट स्वीकृत आयोजना तथा कार्यक्रम र गाउँपालिकावाट स्वीकृत आयोजना तथा कार्यक्रम कार्यन्वयन सम्झौताको समय सिमा भन्दा ढिलो काम गरी विकासमा अवरुद्ध गर्ने उपभोक्ता लगाएत सवै निर्माण व्यवसायीलाई कानुनले तोके वमोजिमको दण्ड जरिवाना गर्ने कार्यलाई कडाइका साथ लागु गरिनेछ ।
- ठुला पुर्वाधार निर्माण आयोजनालाई गौरवका आयोजना घोषणा गरी संघ, प्रदेशमा माग गरीने छ ।

## ०२. सडक  तथा पुल कल्वर्ट र झोलुङ्गे पुल तर्फ :–

- हिमाली गाउँपालिकाको पर्यटकीय, सास्कृतीक तथा प्राकृतिक स्रोत साधनका हिसावले महत्वपूर्ण रहेको क्षेत्र रानीसैनसम्म पुग्नका लागि आवश्यक पर्ने सडक निर्माणका लागि आवश्यक कार्य अगाडि बढाईने छ ।
- हिमाली गाउँपालिका वडा नं १,२ र ३ का नागरिकहरुलाई सडक संजालमा जोड्ने गरि यसै आ.व. मा विच्छयाँसम्म सडक पुर्याइने नीति लिइएको छ ।
- हिमाली गाउँपालिकालाई अन्तराष्ट्रिय व्यापार सम्बन्धसंग जोड्ने उद्धेश्यका साथ कवाडी, रानीसैन, हुम्ला जिल्लाको मुचु, लिमि हुँदै छिमेकी मुलुक चिनको सिमा नाका हिल्सासम्म जोड्ने सडक निर्माणका लागि **कवाडी हिल्सा सिल्क रोड** नामांकन गरि कवाडी करिडोरको रुपमा अगाडि बढाउनको लागि डि.पि.आर कार्य चालु आ.व. मा रानीसैन सम्म भैसेकेको हुँदा वाँकि कार्यको लागि आवश्यक कार्य अगाडि बढाईने छ ।
- गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध हिमाली गाउँपालिका बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठे एवम् ढुङ्गे पुलहरुलाई विस्थापित गर्दै बाँकी रहेका सुप, सिमपानी, जौंली र छिम्दु लगायतका स्थानहरुमा झोलुंगे पुल निर्माण गरिनेछ ।
- हिमाली गाउँपालिकाका नागरिकहरुले उत्पादन गरेका फलफुल लगायत कृषि जन्य उत्पादनलाई बजारसम्म पुगाउन र स्थानीयको आय आर्जन वृद्धि गरि गरिवी निवारण गर्न लेख बोर्ता ग्याम्चु हुँदै नदापाटा जोड्ने सडक, पाँडी गाउँ जोड्ने सडक, बच्छयाँ क्यूडी सडक संचालन लगायतका सडकहरुलाई कृषि सडकको रुपमा निर्माण कार्य अगाडी बढाईने छ ।
- हिमाली गाउँपालिका वडा नं ६ धिम गाउँ वडा नं ४ फैती र बोर्ता गाउँ वडा नं ५ रुगीन, नदापाटा, बच्छयाँ, क्यूडी हुँदै वडा नं २ रुम्दी, कोट हुँदै वडा नं १ को विच्छयाँ सम्मको सडक निर्माण गर्ने गरि

हिमाली गाउँपालिकालाई रिङ रोड बनाउने कार्यको सुरुवात गरिने छ ।

- ❖ आवधिक योजना अनुसार सडक निर्माण र विकास कार्यलाई अगाडि वढाईने छ । सो को लागि आगामी आ.व. मा छुट भएका सडकको डि.पि.आर.तयार गरीने छ । गाउँपालिकाको महत्वपुर्ण सडकहरु निर्माण तथा सुधार गर्ने कार्यलाई जोड दिईने छ ।
- ❖ मर्मत संभार कोष मार्फत गाउँपालिका क्षेत्रका कमजोर सडकहरुको नियमित मर्मत, आवद्यिक मर्मत गरिनेछ ।
- ❖ गाउँपालिकाका सबै वडा गुणस्तरीय सडक संजालमा जोडिने गरि क्रमागत सडक सुधार योजनालाई निरन्तरता दिईने छ ।

## ०३. भवन तथा शहरी विकाश तर्फ : –

- ❖ हिमाली गाउँपालिकाको वडा नं ५ मा रहेको क्यूडी गाउँ पहिरोको उच्च जोखिममा रहेको हुँदा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण संगको सहकार्यमा उक्त बस्ती स्थानान्तरण गरि जरगाँउ नयाँ वस्तीमा एकिकृत बस्ती स्थापना गरिने छ ।
- ❖ हिमाली गाउँपालिका अन्तरगत सवै वडा कार्यालय भवनहरु निर्माणका लागि आवश्यक कार्य अगाडि बढाईने छ ।
- ❖ कर्णाली करिडोर आसपास सार्वजनिक प्रति ऐलानी जग्गामा बसोवास गरिरहेका घर टहरालाई व्यवथित गरि गाउँपालिकाको योजना अन्तरगत ल्याईने छ ।
- ❖ धुलाचौरमा रहेको बजार क्षेत्र र अन्य सार्वजनिक प्रति ऐलानी सरकारी जग्गा अतिक्रमण गर्ने तथा राजश्वको दायरा भन्दा बाहिर रहेको कार्यलाई व्यवस्थीत बनाउने गरि आवश्यक कार्य गरिने छ ।

## ०५. विधुत तथा उर्जा तर्फ :–

- ❖ हिमाली उज्यालो अभियान अर्न्तगत यस गाउँपालिकामा निर्माण भएको कवाडी लघु जलविद्युत् आयोजना, र निमार्ण हुने विच्छुँया खोला लघु जलविद्युत् आयोजनाहरुलाई निमार्ण तथा बत्ती नभएका स्थानमा लाइन विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका

साथै तत्काल विद्युत् उपलब्ध हुन नसक्ने स्थानहरुमा वैकल्पिक ऊर्जाको व्यवस्था गरी उक्त स्थानहरुमा उज्यालोको प्रबन्ध मिलाईने छ ।

- सुदुरपश्चिम प्रदेश सरकारसंगको समन्वयमा हिमाली गाउँपालिका वडा नं ६ धिम गाउँमा **१२५ किलो वाट क्षमता भएको सौर्य ऊर्जा मिनिग्रीट निर्माण गरि घर घरमा विद्युतीय प्रसारण लाईन पुगाईने** छ ।
- हिमाली गाउँपालिका वडा नं ५ का सवै बस्ती वडा नं ४ का सवै बस्ती र गाउँपालिका केन्द्र आसपासका बस्तीहरुमा रहेका सवै घरहरुमा विद्युत प्रसारण लाईन पुर्याईने छ ।
- साझेदार लगानी कर्ता समेतको खोजी गरी वडा कार्यलय, सवै स्वास्थ्य चौकी सवै बिद्यालय तथा सामुदायीक भवनमा सोलार व्याकअप जडान कार्य सम्पन्न गरीने छ ।
- सर्शत तर्फ प्राप्त हुने नविकरणीय उर्जा कार्यक्रम अर्न्तगत विभिन्न पुँजिगत प्रकृतिको कार्य आवश्यकताको आधारमा अगाडि वढाईने छ ।
- विभिन्न संघ संस्थासंगको साझेदारीमा, छुट हुन गएका विभिन्न धार्मिक, सास्कृर्तिक,सार्वजनिक र पर्यटकिय स्थलहरुमा सोलार वत्तीको व्यवस्था गरिने छ ।

## ०६. सिंचाई तर्फ :–

- वडा मार्फत साना सिंचाई आयोजनाहरुलाई आगामी वर्ष कार्यान्वयन गर्दै सिंचाई प्रणालीको मर्मत संभार र नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको कार्यन्वयनमा जोड दिईने छ ।
- गाउँपालिकाको सम्भव भएका स्थानहरुका खेती योग्य जमिन वाँझो नराख्नको लागि सिचाँई सेवा विस्तारमा जोड दिईने छ ।

## ०७. सञ्चार तर्फ :–

- रेडियो, पत्रपत्रीका, टेलिभिजन मार्फत गाउँपालिकाका सवै सूचना प्रसारण गरिने छ ।

- ❖ रेडियो, टेलिभिजनमा अर्न्तरसंवाद, अन्तरक्रिया तथा सुचना, जानकारी मुलक कार्यक्रम संचालनमा जोड दिईने छ ।
- ❖ पत्रकारीता संचार जगतसंग विकास र सुशासनमा सहकार्य गरिने छ ।
- ❖ मोवाईल एप्स, ई–पत्रीका, सामाजिक संजाल(फेसबुक) तथा आफ्नै Website मार्फत सुचनाको प्रवाह गरिने छ ।
- ❖ नागरिकहरुलाई प्रदान गरिने सेवाको गुणस्तरमा वृद्धि गरी सुशासन युक्त गाउँपालिका बनाउन नागरिक वडापत्र, सोधपुछ कक्ष, सामुदायिक मेलमिलाप केन्दको स्थापना, गुनासो सुनुवाई कक्षको व्यवस्था, सार्वजनिक सुनुवाई सयन्त्रको विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।
- ❖ दुर्गम तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन हिमाली गाउँपालिका वडा नं १ विच्छयाँ वडा नं ५ कुवाडी र वडा नं ६ को पाँडी **वडा न ३ को र गुम्बामा**मा फोनको टावर निर्माण गर्नका लागि आवश्यक कार्य अगाडि बढाइने छ
- ❖ गाउँपालिका भित्रका सबै बस्तीलाई इन्टरनेटको पहुँचमा ल्याउने गरी आवश्यक कार्य गरिनेछ।

## (घ) वन वातावरण तथा विपद ब्यबस्थापन तर्फ :–

**उपाध्यक्ष ज्यु एव सभा सदस्य ज्युहरु**

### १. वन, तथा वातावरण तर्फ :–

- ❖ गाउँपालिका क्षेत्रमा लोप हुँदै गएका तथा पशुजन्य घासका विरुवा तथा घासे चरीचरण उत्पादनमा जोड दिई नीजि तथा सामुदायिक वनको खाली तथा वाँझो जग्गामा वृक्षारोपण कार्यलाई पशुजन्य उत्पादन र उत्पादकत्व वढाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
- ❖ वन उपभोक्ता समितिसंगको सहकार्यमा वन तथा वातावरण सम्वन्धी कार्यकमहरु संचालन गर्दा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको

जिविकोपार्जनमा मद्धत पुऱ्याउने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिइने छ ।

- ❖ प्रारम्भीक चरणमा फोहोर मैला व्यवस्थापनको लागि प्रत्येक वडा टोल टोलमा टोल सुधार समिति मार्फत पुर्ण सरसफाई अभियानको थालनी गरिने छ ।
- ❖ वातावरण मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम तय गरिने छ ।
- ❖ वातावरण संरक्षण र सिंचाईलाई समेत उपोयोगिको रुपमा लिईने गरी प्राचिन पोखरीको संरक्षणमा जोड दिईने छ । साथै ग्रीन हाउस निर्माण तथा खरिद र वितरण गरीने छ ।
- ❖ संघ तथा प्रदेशसंगको सहकार्यमा जलाधार, झरना आदिको संरक्षण तथा भु-संरक्षणमा जोड दिईने छ ।
- ❖ वन्यजन्तुको चोरी शिकारी, वन डढेलो र अवैध रुपमा जडिवुटीको चोरी निकासीलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न स्थानीय स्वयसेवक छनौट गरि परिचालन गर्ने साथै सुरक्षा संयन्त्रको सहयोगमा एकिकृत घुम्ती अनुगमन गरीने छ ।
- ❖ निजी आवास निर्माण अनुमती दिदा **अनिवार्य रुपमा २ रुख रोप्ने गरी प्रतिवद्धता गराई सम्पन्न दिदा विरुवा रोपेका आधारमा मात्र सम्पन्न प्रमाण पत्र** दिईने छ ।
- ❖ मनोरञ्जन स्थलको विकासका लागि गाउँपालिकाको केन्द्र धुलाचौरमा सार्वजनिक पार्क निमार्ण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**०२ विपद ब्यबस्थापन तर्फ :–**

- ❖ विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिई आवश्यक वजेट विनियोजन गरिने छ । साथै सो कोषको रकम महामारी, दैवी प्रकोप तथा विपद् व्यवस्थापन र उद्धारमा खर्च गरिने छ ।

- ❖ गाउँपालिकामा भएका विद्यमान प्रकोपहरु तथा त्यसबाट हुने विपद्जन्य अवस्था र क्षतिको पहिचान गरी तिनको न्यूनीकरण गर्न समाधानका उपायहरु पहिचान गरिने छ ।
- ❖ दैविक प्रकोपका कारण पालिकाभित्रका कुनै नागरिकहरुको धनजनको क्षेतीहुन पुगेमा आवश्यक राहत वितरण र उद्धारको लागि निःशुल्क एम्बुलेन्स परिचालनको व्यवस्थापन गरिने छ ।
- ❖ विपद् जोखिम न्यूनीकरणमा कार्यरत विभिन्न सरकारी, गैरसरकारी तथा अन्य सरोकारवालाहरुको भूमिका पहिचान गरी समन्वयात्मक ढंगले एकिकृत रुपमा कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गरिने छ ।
- ❖ विपद्बाट हुने क्षति दिगो रुपमा न्यूनीकरण गर्न स्थानीय स्तरमा पहिचान भएका विपद् पूर्व, विपद्को समयमा र बिपद् पश्चात् विभिन्न क्रियाकलापहरुको विश्लेषण गरी योजना निर्माण गरीने छ ।
- ❖ विपदबाट बच्नको लागि पुर्व तयारी सम्बन्धी नीतिगत, संरचनागत, श्रोत साधन र औजार उपकरण सवैको प्रवन्ध गरीने छ ।
- ❖ हुन सक्ने विपद् जोखिम न्यूनिकरण गर्न विपद्को समयमा विपद् भैरहेको स्थानसम्म पुग्ने बाटो सुचारु गर्न पहिरो तथा अन्य विपद्मा परि धनजनको क्षतिलाई न्यूनीकरण गर्न छिटो छरितो उद्धार गर्नको लागि गाउँपालिका बाट **जे.सि.भि व्याक लोडरको (डोजर)** व्यवस्था गरिने छ ।
- ❖ स्थानीय आपत्कालीन कार्य सन्चालन केन्द्र (LEOC) स्थापना गरिने छ ।
- ❖ विपद्का समयमा खाद्य श्रृङखला अवरुद्ध हुने हुँदा आवश्यकताका आधारमा खाद्यान्न ढुवानीमा अनुदान दिइने छ ।
- ❖ विपद् जोखिम न्यूनिकरणका क्रियाकलापहरुलाई गाउँपालिकाको विकास कार्यक्रममा समेत समावेश गर्न आवश्यक कार्य अगाडि बढाईने छ ।
- ❖ यस गाउँपालिकाबासी दैविक प्रकोपमा परी कसैको ज्यान गएमा गाउँपालिकाले दाहसस्कारको लागि आवश्यक रकम तथा अन्य बन्दोबस्तीको सहायता उपलब्ध गराइने गरी बजेट व्यवस्थापन गरिने छ ।

## (ङ) सुशासन तथा संस्थागत विकास समिति तर्फः–

- **"जनमुखी प्रशासन हिमालीमा सुशासन"** भन्ने नाराका साथ हालसम्म निमार्ण गरिएका ऐन, नियम, विनियम र कार्यविधि लगायतका कानूनहरुको पूर्ण कार्यान्वयनमा जोड दिदै आवश्यकता अनुरुप थप कानूनहरुको निर्माण गरि लागू गरिने व्यवस्था मिलाईने छ ।
- नागरिकलाई सुरक्षाको प्रत्याभूती दिलाई समग्र गाउँपालिकाको प्राकृतिक एवम् मानव निर्मित सम्पती तथा सम्पदाहरुको संरक्षण गर्न आवश्यक स्थानमा प्रहरी चौकीलाई स्रोत साधन सहयोग र समन्वय गर्दै थप सवल र प्रभावकारी बनाईने छ ।
- प्राकृतिक स्रोत साधन र सम्पदाको संरक्षण, सम्वर्द्धन गर्न र वन पैदावार चोरी निकासी एवंम पैठारीलाई नियन्त्रण गर्न हिमाली गाउँपालिकाको उत्तरी क्षेत्र रानीसैन लगायतका अन्य क्षेत्रहरुमा सुरक्षा बलको स्थापनाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।
- विपद् व्यवस्थापन, उद्धार तथा राहत वितरण लगायतका कार्यमा सहकार्य गर्न तथा स्थानीय शान्ती सुरक्षाको अवस्थालाई सन्तुलन कायम गराउन हाल कर्णाली करिडोर कार्यदलको रुपमा स्थापना भएको तिथिचौर नेपाली सेनाको व्यारेकलाई स्थाई रुपमा व्यवस्थापन गर्नको लागि आवश्यक पहल गरिने छ ।

उपाध्यक्ष ज्यु एव सभा सदस्य ज्युहरु

## १ नीति तथा कार्यक्रम तर्फ :–

- कार्यरत कर्मचारीहरुको कार्य प्रक्रियालाई वैज्ञानिक ढङ्गले ब्यवस्थापन गर्न प्रमुख प्रशासकिय अधिकृत र सवै कर्मचारीहरु वीच कार्य सम्पादन करारको संझौता गरी सेवा प्रवाहालाई थप जनमुखी एवं नतिजामूलक बनाईनेछ ।
- यस आर्थिक वर्षमा गाउँपालिकाको कार्यालयमा डिजिटल र सबै वडा कार्यालयमा नागरिक वडा पत्र तथा क्षतिपुर्ति सहितको नागरिक वडापत्र कायम गरि सेवाग्राही प्रति उत्तरदायी वनाईने छ ।

- ❖ गाउँपालिका गतिविधि सम्वन्धमा चौमासिक र वार्षिक वुलेटीन प्रकाशन गरिने छ ।
- ❖ कर्मचारी र पदाधिकारीको मनोवल उच्च राख्न सकारात्मक सोच लगाएत विभिन्न तालिम तथा १० दिने आन्तरीक पर्यटकीय भ्रमण जस्ता कृयाकलापलाई प्राथामिकता दिईनेछ  भने काम नगर्ने, जिम्मेवारी नलीने, सुचना प्रविधि मुलक टेक्नोलोजी प्रयोग गर्न नजान्ने तथा नसिक्ने ,गाउपालीकाको समग्र विकास गतिविधी र सेवा प्रवाहमा असर पुर्‍याउने र गाउँपालीका पदाधिकारी विरुद्ध अनावश्यक गतिविधि गर्ने, गुटबन्दी गर्ने, कार्यालयमा पटक पटक अनुपस्थीत रहने कर्मचारीलाई अन्यत्र सरुवा भई जाने गरी सहमती तथा सम्बन्धीत निकायमा पत्रलेखी पठाईनुका साथै करार कर्मचारीहरुको हकमा करार सम्झौता रद्धसम्म गरिनेछ ।
- ❖ गाउँपालिका अर्न्तगत कार्यरत कर्मचारीहरको क्षमता अभिवृद्धि तथा उच्चमनवल कायम गराउन खाईपाई आएको तलव भत्तामा आवश्यक तलवभत्ता वृद्धिगरी भ्रमण तथा तालिमको अवसर प्रदान गरिने छ ।
- ❖ जनताको वास्तवीक आवश्यक्तालाई मध्यनजर गरी ७ वटै वडाका विकट वस्तीमा कम्तीमा एक पटक एकिकृत घुम्ती शिविर सञ्चालन गरी प्रभावकारी घर दैलो सेवा प्रदान गरीने छ ।

**उपाध्यक्ष, एवं  सभा सदस्य ज्युहरु**

## ०२  वित्तिय अनुशासन र सुशासन  तर्फ :–

- ❖ सवै वडा कार्यालयहरुमा आवश्यक कर्मचारी पठाउनको लागि प्रदेश सरकार प्रदेश लोक सेवा आयोगसंगको समन्वयमा दरवन्दीको आधारमा कर्मचारी व्यवस्थापन गरि वडा कार्यालय प्रभावकारी रुपमा संचालन गरिने छ ।
- ❖ वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई थप जनमुखि, जवाफदेहि र गुणस्तरीय सेवाहरुको व्यवस्थापनको लागि वडा कार्यालय संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रहि ठुला योजनाहरु निर्माण व्यवसायी मार्फत ठेक्का पट्टा गरी र सानातिना योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने तर्फ जोड दिईने छ ।
- लैंगिक उत्तरदायी, सामाजीक समावेशीकरण, वातावरण मैत्री र दिगो विकाश मैत्री वजेट निर्माणमा जोड दिईने छ ।
- सृर्जना हुने आर्थिक विवाद र शुसासन मैत्री वनाउनको लागी शुसासन समितिको वैठकको निरन्तरता र सो को निर्देशनलाई कडाईका साथ पालना गरनि छ ।
- वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना गरि मेलमिलापकर्ताको व्यवस्थापन गर्ने र न्यायीक समितिलाई सवल, प्रभावकारी, विश्वासनीयता बनाई कानून तह कार्यान्व्यनमा जोड दिईने छ ।

## ०४ सामाजीक सुरक्षा र सामाजीक कल्याण तर्फ :–

- करारमा कार्यरत कर्मचारीलाई निजले ईच्छाएको आधारमा योगदानमा आधारीत सामाजीक सुरक्षा कोष कार्यक्रममा आवद्ध गरीने छ ।
- अन्य क्षेत्रगत सामाजीक सुरक्षा सम्बन्धमा, श्रोत क्षमता तथा आवश्यकताको आधारमा नीति तय गरी अगाडि वढाईने छ ।
- हिमाली गाउँपालिकामा बसोबास गर्ने दलित, महिला, अल्पसंख्यक तथा सिमान्कृत वर्गहरुलाई राज्य सत्ताको मूल प्रवाहमा ल्याउन विभिन्न सिपमूलक तालिम, जनचेतनामूलक कार्यक्रम, आरक्षणकोटाको व्यवस्थापन तथा वर्ग अनुकूल विकाश निमार्ण कार्यहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- गाउँपालिकाका नागरिकहरुलाई सहज तरिकाले खाद्य सामाग्रीहरुको उपलब्धता गराउनका लागि  गाउँपालिकाको केन्द्र धुलाचौर र कवाडीमा रहेको खाद्य तथा नुन डिपोलाई निरन्तरता दिदै, विच्छ्याँका लागि स्थायी खाद्य तथा नुन डिपो राख्न विषेश पहल गरिनेछ ।

- ❖ सुरक्षित र गुणस्तरीय खाद्यबस्तुको उपलब्धताका लागि उचित मूल्यसूची, सन्तुलित खाद्यबस्तुको विक्री वितरण, मिसावट तथा म्याद गुर्जेका सामानको विक्री वितरणमा पूर्ण रुपमा नियन्त्रण गरिने कार्यलाई निरन्तरता दिन गाउँपालिकाबाट नियमित रुपमा बजार अनुगमन तथा चेक जाँचको आवश्यक व्यवस्था मिलाईने छ ।

**उपाध्यक्ष ज्यु, लगाएत सभा सदस्य ज्युहरु :–**

**(छ)** अन्त्यमा विकास प्रेमी तपाईहरु सवै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी आम स्थानीय नागरिक, राजनीतिज्ञ, वौद्धिक वर्ग र समाज सेवीहरुको व्यापक सहभागितामा हिमाली गाउँपालिकाको समस्त आर्थिक, समाजिक, मानविय , भौतिक तथा वातावरणीय विकास गर्ने गरी तर्जुमा गरिएको यो नीति तथा कार्यक्रम वजेट मार्फत स्वीकृत गरी कार्यान्वयनमा सकृय सहभागि भई दिनु हुन श्रद्धेय उपाध्यक्षज्यू लगायत सवै गाउँ सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगाएत सवै राष्ट्र सेवक कर्मचारी मित्रहरु र सम्पुर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गर्दछु । त्यसैगरी गाउपालिकाको बिकास प्रयासमा सहयोग गर्ने संघिय सरकार ,प्रदेश सरकार, गै.स.स. लगायत सरोकारवाला सवैलाई धन्यबाद दिन चाहान्छु ।

**जय हिमाली !**

**गोविन्दबहादुर मल्ल**
**अध्यक्ष**
**हिमाली गा.पा.**